बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड १ बर्ष ७ अंक २७ मिति : असार २५ गते २०८०

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको ऐन, कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## भाग -१

# बुद्धभूमि नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ लाई संशोधन गर्न बनेकाो (पहिलो संशोधन) ऐन, २०८०

**प्रस्तावना:-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बुद्धभूमि नगरपालिकामा समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन तथा वृत्ति विकासका अवसरहरु उपलब्ध गराउन आवश्यक भई कर्मचारी समायोजन ऐन, २०७५ को दफा (२३) बमोजिमको मापदण्ड बनाई कर्मचारीको मनोबल उच्च बनाउनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) को उपदफा (१) बमोजिम बुद्धभूमि नगरपालिकाको नगर सभामा यो विधेयक पेश गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"बुद्धभूमि नगरपालिकामा साविक स्थानीय निकायहरुबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०"** रहेको छ।

(२) यो ऐन नगरसभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि ऐनको रुपमा लागु हुनेछ।

**२.परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्दछ।

(ख) "कर्मचारी" भन्नाले यस ऐनको प्रयोजनका लागि साविक स्थानीय निकायहरुबाट बुद्धभूमि नगरपालिकामा समायोजन भएका स्थायी कर्मचारीहरु सम्झनुपर्दछ।

(ग) "स्थानीय तह" भन्नाले बुद्धभूमि नगरपालिकालाई सम्झनुपर्दछ ।

(घ)"स्थानीय निकाय" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय शासन नियमावली, २०५६ बमोजिम गठन भएका साबिक गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिलाई सम्झनुपर्दछ ।

(ङ) "न्यूनतम शैक्षिक योग्यता" भन्नाले तह वृद्धि हुने तह भन्दा एक तह मुनिको तहको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता सम्झनुपर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुद्धभूमि नगरपालिका नगरकार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(छ) "प्रोत्साहन सुविधा" भन्नाले साविक स्थानीय निकायहरुबाट बुद्धभूमि नगरपालिकामा समायोजन भएका स्थायी कर्मचारीहरुलाई यसै ऐनको दफा ४ बमोजिम उपलब्ध हुने तह वृद्धि वा स्तर वृद्धि वा ग्रेड थप समेतलाई सम्झनुपर्दछ।

**३. संगठन तथा कर्मचारी दरबन्दी :**

(१) स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरबन्दी नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरे बमोजिम हुनेछ।

**४. प्रोत्साहन सुविधा उपलब्ध गराउने :**

(१) यस दफाको उपदफा (४) मा तोकिएको मापदण्ड पुरा गरेका कर्मचारीलाई एक पटकका लागि तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थप मध्ये कुनै एक प्रोत्साहन सुविधा उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउँदा शुरु नियुक्ति पदको शैक्षिक योग्यता, सेवा अवधि र कार्यसम्पादन मूल्याङ्कन समेतलाई आधार बनाईनेछ ।

(३) उपदफा (१) बमोजिम स्तरवृद्धि वा तहबृद्धि वा ग्रेडथप गर्दा पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत न्यूनतम ९० प्रतिशत अकं प्राप्त गरेको हुनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको तहबृद्धि वा स्तरवृद्धि वा ग्रेड थप गर्दा देहायको मापदण्डका

आधारमा गर्नु पर्नेछ।

| हालको तह | मापदण्ड | कायम हुने तह/ स्तर | अन्य प्रोत्साहन |
|---|---|---|---|
| कार्यालय सहयोगी सवारी चालक (हलुका र हेभी), माली, स्वीपर, सरसफाइ कर्मी, फायरमेन | ५ वर्ष सेवा अवधी नपुगेको। | सोही स्तरमा | २ ग्रेड थप |
| | ५ वर्ष सेवा अवधि पुगेको र न्यूनतम शैक्षिक योग्यता नभएको | | |
| | ५ वर्ष सेवा अवधि पुगेको र न्यूनतम शैक्षिक योग्यता भएको | दोस्रो स्तरमा | २ ग्रेड थप |
| सहायकस्तर चौथो | ५ वर्ष सेवा अवधी नपुगेको। | सोही तहमा | २ ग्रेड थप |
| | चौथो तहमा ५ वर्ष सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोही तहमा | २ ग्रेड थप |
| | चौथो तहमा ५ वर्ष सेवा अवधि पुगेको र न्यूनतम शैक्षिक योग्यता भएको | सहायक स्तर पाचौ तह | - |
| सहायकस्तर पाचौं | ५ बर्ष सेवा अवधि नपुगेको। | सोही तहमा | २ ग्रेड थप |
| | पाँचौ तहमा ५ वर्ष सेवा अवधि पुगेको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोही तहमा | २ ग्रेड थप |
| | पाँचौ तहमा ५ वर्ष भन्दा बढी सेवा अवधि भएको र न्यूनतम शैक्षिक योग्यता भएको | अधिकृतस्तर छैठौं तह | |
| अधिकृतस्तर छैठौं | अधिकृतस्तर छैठौं तहमा ५ बर्ष सेवा अवधि नपुगेको। | सोही तहमा | २ ग्रेड थप |
| | हालको तह अधिकृत स्तर छैठौँ तहमा ५ वर्ष भन्दा बढी सेवा अवधि पुरा भएको र न्यूनतम शैक्षिक योग्यता भएको। | अधिकृतस्तर सातौं | |

| | | | |
|---|---|---|---|
| अधिकृतस्तर सातौ | अधिकृतस्तर सातौ तहमा ५ बर्ष सेवा अवधि नपुगेको । | सोही तहमा | २ ग्रेड थप |
| | हालको तह अधिकृत स्तर सातौ तहमा ५ वर्ष भन्दा बढी सेवा अवधि पुरा भएको र न्यूनतम शैक्षिक योग्यता भएको । | अधिकृतस्तर आठौ | |

(५) सेवा अवधि गणना गर्दा सम्बन्धित पदमा शुरु नियुक्ति भएको वा बढुवा नियुक्तिभएको मितिबाट ५ वर्ष पुगेको अवधिलाई गणना गरिनेछ ।

(६) यस ऐनमा उल्लेखित मापदण्ड पुगेका स्तर वृद्धि वा तह वृद्धि हुने कर्मचारी र ग्रेड थप लिन चाहने कर्मचारीलाई उक्त सुविधा लिन यो ऐन जारी भएको मितिले ७ दिनभित्र नगरपालिकाले ७ दिनको म्याद दिई दरखास्त दिन सूचना प्रकाशन गर्नेछ ।

(७) यस ऐन बमोजिम कर्मचारीको स्तर वृद्धि वा तह वृद्धि वा ग्रेड थपको लागि सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक

ख. आर्थिक प्रशासन शाखाको प्रमुख - सदस्य

ग. प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(८) दफा (४) को उपदफा (६) बमोजिम प्राप्त दरखास्त उपर यस ऐनमा तोकिएको मापदण्ड पुरा भएको देखिएमा उपदफा (७) बमोजिमको समितिको सिफारिसमा दरखास्त दिने म्याद सकिएको ७ दिनभित्र नगरपालिकाले प्रोत्साहन सुविधा सम्बन्धी पत्र (स्तर वृद्धि वा तह वृद्धि वा ग्रेड थप) सम्बन्धित कर्मचारीलाई उपलब्ध गराउनेछ ।

(९) यस ऐन बमोजिम उपलब्ध गराईएको थप ग्रेड प्रचलित कानून बमोजिम त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी भए पनि उपलब्ध गराइनेछ ।

(१०) यस ऐन बमोजिम स्तर वृद्धि हुँदा साविकमा खाइपाई आएको तलब सुविधामा कमि भएमा ग्रेड थप गरी उपलब्ध गराइनेछ ।

**५. प्रोत्साहन सुविधा सम्बन्धी पत्र उपलब्ध गराउने :**

(१) यो ऐन बमोजिमको प्रोत्साहन सुविधा (स्तर वृद्धि वा तह वृद्धि वा ग्रेड थप) सम्बन्धी पत्र प्रमुख प्रशासकीय अधिकृतले उपलब्ध गराउनेछ।

(२) दफा ४ (क) बमोजिम तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थपको जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश र प्रदेश लोक सेवा आयोग, लुम्बिनीलाई तथा जिल्ला समन्वय समितिको कार्यालय, तौलिहवा कपिलवस्तुलाई दिनुपर्ने छ।

**६.यसै ऐन बमोजिम हुने :**

(१) यस ऐनमा लेखिएको कुराको हकमा यसै बमोजिम र सो बाहेक अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**७.जेष्ठता गणनाः**

(१) कर्मचारी समायोजन ऐन, २०७५ को दफा (६) को उपदफा (४) मा भएको व्यवस्था बमोजिम सम्बन्धित पदमा समायोजन भएको मिति देखि नै जेष्ठताको गणना गरिनेछ।

**८.विविधः** स्थानीय तहमा समायोजन भएका साबिक स्थानीय निकायका कर्मचारीको सम्वन्धमा नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारले छुट्टै कानूनी व्यवस्था गरेमा सोही बमोजिम हुनेछ ।

**९.खारेजी र बचाउ:**

(१) यो ऐन बमोजिम सुविधा पाउने कर्मचारीहरुले एकपटक यो सुविधा प्राप्त गरेपछि यो ऐन स्वतःखारेज हुनेछ।

(२) यो ऐन नेपाल कानून तथा प्रदेश कानून र अन्य प्रचलित नेपाल कानुनसँग बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।